राष्ट्रिय बाणिज्य बैंक लिमिटेड
केन्द्रीय कार्यालय
कर्जा प्रशासन बिभाग

# अनुसूची-१
## दफा ९ (क) सँग सम्बन्धित

**(यस बैकको नाममा धितो पारित हुने चल/अचल सम्पति, मेशिनरी र गैह्र बैंङ्किङ्ग सम्पत्तिको मूल्याङ्कन गर्न मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत हुनको लागि आवेदन गर्ने बारेको सूचना)**

(प्रथम पटक प्रकाशित मिति २०७९/०१/२९)

यस बैंकको बिभिन्न शाखा कार्यालयहरुबाट बिभिन्न कर्जा सुविधा कारोवार गर्ने/गर्न चाहने ग्राहकहरुबाट धितो सुरक्षण वापत पारित गराई लिनु पर्ने चल/अचल सम्पत्तिहरु, मेशिनरी र बैंकको गैह्र बैंङ्किङ्ग सम्पत्तिहरु यस बैंकको धितो मूल्याङ्कन कार्यविधि, २०७७ को अधिनमा रही मूल्याङ्कन सम्बन्धी कार्य गर्नको लागि सूचीकृत हुन सोही कार्यविधिको दफा ७ अनुसार योग्यता भएका र दफा ८ अनुसार अयोग्य नभएका ओभरसियर, ईन्जिनियर तथा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म तथा कम्पनीहरुले सोही कार्यविधिको दफा ११ मा उल्लेखित तपसिल बमोजिमको कागजातहरु सहित यस बैंकको केन्द्रीय कार्यालय, कर्जा प्रशासन विभाग वा बैंकका प्रदेश कार्यालयहरुमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र प्राप्त हुने गरी दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

**१) मूल्याङ्कनकर्ताले दरखास्त दिंदा निम्न कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ :**

**क) ओभरसियर र ईन्जिनियरको हकमा:**

अ) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी । (विदेशी शैक्षिक प्रमाणपत्र भए नेपाली विश्वविद्यालयबाट प्राप्त समकक्षता प्रमाण पत्रको प्रतिलिपी समेत)

आ) अनुभवको प्रमाणपत्रको प्रतिलिपी ।

इ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

ई) आन्तरीक राजश्व कार्यालयमा दर्ता भएको स्थायी लेखा नम्बर (PAN /VAT) को प्रमाणपत्रको प्रतिलिपी ।

उ) नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।

ऊ) सम्बन्धित ओभरसियर र ईन्जिनियरको बायोडाटा ।

ए) यस बैंकको धितो मूल्याङ्कन कार्यविधि २०७७ को दफा ८ अनुसार अयोग्यता नरहेको स्वघोषणा

ऐ) बैंकले माग गरेको अन्य कागजातहरुको प्रतिलिपी ।

**ख) कन्सल्टेन्सी फर्म वा कम्पनी को हकमा**

अ) फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी (नवीकरण भएको समेत) ।

आ) आन्तरीक राजश्व कार्यालयमा दर्ता भएको स्थायी लेखा नम्बर (PAN /VAT) को प्रमाणपत्रको प्रतिलिपी

इ) प्रोप्राईटर/सञ्चालक/साझेदारहरुको शैक्षिक योग्यता, समकक्षता प्रमाण पत्र र अनुभवको प्रमाणपत्रको प्रतिलिपी ।

ई) प्रमुख सञ्चालकहरुको व्यक्तिगत विवरणका साथै कार्यरत ईन्जिनियर तथा ओभरसियरहरुको शैक्षिक योग्यता प्रमाणपत्र, समकक्षता प्रमाणपत्र, नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्र र व्यक्तिगत विवरण एवं फर्ममा काम गर्न मञ्जुर गरिएको स्वीकृतीपत्र तथा नियुक्ति पत्र (नियुक्ति गर्ने गरेको भएमा) को प्रतिलिपीहरु ।

उ) फर्म र कम्पनीको आवश्यक कागजातहरु (Profile) तथा अफिस संरचना ।

ऊ) मूल्य अभिवृद्धि करमा दर्ता गर्नको लागि आवश्यक नभएमा मूल्य अभिवृद्धि करमा दर्ता गर्नको लागि आवश्यक नभएको भन्ने घोषणा पत्र ।

ए) आवेदन गर्नाका लागि अधिकार प्रत्यायोजन सम्बन्धमा कम्पनीबाट भएको निर्णय (माईन्यूट)को प्रतिलिपी

ऐ) यस बैंकको धितो मूल्याङ्कन कार्यविधि २०७७ को दफा ८ अनुसार अयोग्यता नरहेको स्वघोषणा ।

ओ) बैंकले माग गरेकोमा अन्य कागजातहरु तथा अन्य विवरण ।

| क्र.स. | धितोको मूल्य | न्युनतम शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| १. | रु. १ करोड सम्म | क. सिभिल वा आर्केटेक्ट ईञ्जिनियरिङ्गमा ओभरसियर पास गरेको ओभरसियर । | क. सम्बन्धित क्षेत्रमा ५ वर्ष काम गरेको अनुभव । |
| | | ख. सिभिल वा मेकानिकल वा इन्डष्ट्रियल वा आर्केटेक्ट ईन्जिनियरिङ्गमा वि.ई. पास गरेको ईञ्जिनियर । | ख. सम्बन्धित क्षेत्रमा १ वर्ष काम गरेको अनुभव । |
| | | ग. ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । | ग. कम्तिमा १ वर्षको अनुभव प्राप्त ईन्जिनियर वा ५ वर्षको अनुभव प्राप्त ओभरसियर संलग्न रहेको र कम्तिमा १ वर्षदेखि सञ्चालनमा रहेको ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । |
| २ | रु. २ करोडसम्म | क. सिभिल वा मेकानिकल वा इन्डष्ट्रियल वा आर्केटेक्ट ईन्जिनियरिङ्गमा वि.ई. पास गरेको ईञ्जिनियर । | क. सम्बन्धित क्षेत्रमा ३ वर्ष काम गरेको अनुभव । |
| | | ख. ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । | ख. कम्तिमा ३ वर्ष काम गरेको अनुभव भएका ईन्जिनियरहरु संलग्न भएको र ३ वर्षदेखि सञ्चालनमा रहेको ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । |
| ३ | रु. ७ करोडसम्म | नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । | सम्बन्धित क्षेत्रमा कम्तिमा ५ वर्ष काम गरेको अनुभव भएका कम्तिमा २ जना सिभिल ईन्जिनियर संलग्न भएको कम्तिमा ३ वर्षदेखि सञ्चालनमा रहेको ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । |
| ४ | रु. १० करोडसम्म | नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । | वाणिज्य बैंकहरुमा चल अचल सम्पत्ति मूल्याङ्कनकर्ताको रुपमा कम्तिमा ३ वर्ष काम गरेको अनुभव सहित कम्तिमा ५ वर्ष काम गरेको अनुभव भएका कम्तिमा २ जना सिभिल ईन्जिनियर संलग्न भएको तथा ५ वर्षदेखि सञ्चालनमा रहेको कन्सल्टेन्सी |

| | | | फर्म वा कम्पनी । |
|---|---|---|---|
| ५ | असिमित | नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । | वाणिज्य बैंकहरुमा चल अचल सम्पत्ति मूल्याङ्कनकर्ताको रुपमा कम्तिमा ३ वर्ष काम गरेको अनुभव सहित कम्तिमा ७ वर्ष काम गरेको अनुभव भएको कम्तिमा २ जना सिभिल ईन्जिनियर संलग्न भएको र ७ वर्षदेखि सञ्चालनमा रहेको कन्सल्टेन्सी फर्म वा कम्पनी । |

## यस बैंकको धितो मूल्याङ्कन कार्यविधि, २०७७ को बुदाँ नं. ८ बमोजिमको धितो मूल्याङ्कनकर्ताको अयोग्यताः

यस बैंकको धितो मूल्याङ्कनकर्ताको रुपमा काम गर्न निम्न व्यक्ति, फर्म वा कम्पनी योग्य हुने छैन :

(क) मगज बिग्रीएको वा मानसिक सन्तुलन ठीक नभएको ,

(ख) नेपाल भित्र वा विदेशमा कर्जा तिर्न नसकी साहुको दामासाहीमा परेको,

(ग) नेपाल भित्र वा विदेशमा बैंक तथा वित्तीय संस्थासंगको कुनै कारोवारमा कालोसूची वा डिफल्टरमा परी सो कालोसूची वा डिफल्टरबाट फुकुवा भएको मितिले कम्तीमा एक वर्ष पूरा नभएको ।

(ग) यस बैंकको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत र कर्मचारीको परिवारको सदस्य नीजहरु बैंकमा बहाल रहेसम्म मूल्याङ्कनकर्ताको रुपमा काम गर्न अयोग्य हुनेछ ।

(घ) कुनै कम्पनी वा फर्म यस बैंकको ऋणी भएमा त्यस्तो ऋणी कम्पनी वा फर्मको १० प्रतिशत वा सो भन्दा बढि शेयर हिस्सा लिई वित्तीय स्वार्थ स्थापना भएका व्यक्ति, फर्म वा कम्पनी,

(ङ) प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंकको मूल्याङ्कनकर्ताको सूचीमा सूचीकरण हुन अयोग्य रहेको व्यक्ति, फर्म वा कम्पनी ।

## यस बैंकको धितो मूल्याङ्कन कार्यविधि, २०७७ को बुदाँ नं. १३ (क र ख) बमोजिमको मूल्याङ्कनकर्ताले धरौटी राख्नुपर्ने रकमः

(क) मूल्याङ्कनकर्ताको रुपमा सूचीकृतहुनको लागि दर्ता भएका निवेदनहरु मध्येबाट बैंकले छनौट गरी मूल्याङ्कनकर्ताको रुपमा स्वीकृत सूची प्रकाशित गरे पश्चात् त्यस्तो सूचीमा पर्ने मूल्याङ्कनकर्ता व्यक्ति/फर्म/कम्पनीले निम्न बमोजिमको धरौटी रकम बराबर यस बैंकको चल्ती/बचत खातामा एयरमार्क गरि राख्नु पर्नेछ वा यस बैंक बाहेक अन्य “क” वर्गको वाणिज्य बैंकको बैंक जमानत पत्र पेश गर्नुपर्नेछ ।

| धितोको मूल्याङ्कन सीमा | धरौटी राख्नुपर्ने रकम |
|---|---|
| रु. १ करोडसम्म | रु. २ लाख |
| रु. २ करोडसम्म | रु. ३ लाख |
| रु. ७ करोडसम्म | रु. ५ लाख |
| रु. १० करोडसम्म | रु. ७ लाख |
| रु. १० करोड भन्दा माथि | रु. १० लाख |

**थप अन्य जानकारी**

१. सूचीकृत भएका ओभरसियर, ईञ्जिनियर तथा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनीहरुले बैंकले तोके बमोजिमको पारिश्रमिक लिन मञ्जुर भएको हुनु पर्नेछ ।
२. ईञ्जिनियरको हकमा नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाण पत्र पेश नगरेको निवेदनलाई मान्यता दिईने छैन ।
३. बैंकले तोकेका सम्पूर्ण शर्तहरु एवं कागजातहरु पुरा नभएका र म्याद नाघि आएका आवेदन पत्र उपर कुनै कारवाही गरिने छैन ।
४. आवेदन फाराम बैंकको केन्द्रीय कार्यालय, कर्जा प्रशासन विभाग, यस बैकको प्रादेशिक कार्यालयहरु वा बैंकको Website: www.rbb.com.np को General Notice बाट प्राप्त गर्न सकिनेछ । आवेदन दस्तुर मूल्यांकन सिमा रु. ७ करोड सम्मको मूल्यांकनकर्ताको लागि रु. १,५००/- र सो भन्दा माथीको हकमा रु. २,०००/- (फिर्ता नहुने) यस बैंकको कुनै पनि शाखा कार्यालयमा आम्दानी हिसाब अन्यको अन्य शिर्षकको खाता नं. ९५०५०६२६०१ मा जम्मा गरी सक्कल भौचर आवेदन साथ संलग्न गर्नु पर्नेछ ।
५. मूल्याँकनकर्ताको छनौट यस बैंकको धितो मूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम हुनेछ । प्राप्त हुन आएको आवेदन स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहने छ ।
६. आवेदन सम्बन्धी अन्य बिस्तृत जानकारी आवश्यक भएमा कार्यालय खुलेको दिन कार्यालय समयमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा प्रशासन बिभागमा सम्पर्क गर्न सकिने छ ।
७. यस विषयमा कुनै द्विविधा भएमा यस बैंकको केन्द्रीय कार्यालयको फोन नं. ०१-४२५२५९५ Ext. ३७५७ वा ३७४४ र प्रदेश कार्यालयहरुमा सर्म्पक गर्नु हुन अनुरोध छ ।

**विशेष नोटः**

यस अघि सूचिकृत भै सम्झौताको म्याद समाप्त भएको ३ महिना नाघी सकेका मूल्यांकनकर्ताहरुको सम्झौता नवीकरण नहुने भएकोले सम्झौताको म्याद समाप्त भएको यस्ता मूल्यांकनकर्ताहरुले समेत यसै नयां प्रक्रियामा समावेश भै मूल्यांकनकर्ताको रुपमा सूचिकृत हुनु पर्नेछ ।

**अनुसूची-२**

**दफा १० सँग सम्बन्धित**

**मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत हुन बैंकमा दिने निवेदनको ढाँचा**

मितिः २०७९/ /

श्री प्रमुख ज्यू,
राष्ट्रिय वाणिज्य बैंक
............................ विभाग / कार्यालय ।

**विषय : मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत हुन पाउँ ।**

महोदय,
त्यस बैंकले मिति.................. मा .................दैनिकमा प्रकाशित मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत हुन दरखास्त दिने बारेको सूचना अनुरुप उक्त सूचनामा उल्लेखित सम्पूर्ण शर्त बन्देजहरु पालन गर्न पूर्ण मञ्जुर भई ................ कार्यक्षेत्र रहने गरी रु.................... (अक्षरेपी ..................................) सम्मको धितो सुरक्षण मूल्याङ्कन गर्नको लागि आवश्यक धरौटी रु ..................(अक्षरेपी.......................) वा सो बराबरको बैंक जमानत सम्झौताको समयमा पेश गर्ने गरी उक्त सूचना अनुसार आवश्यक कागजात सहित त्यस बैकको नाममा धितोको रुपमा पारित हुने चल/अचल सम्पति, मेशिनरी धितो सुरक्षण तथा बैंकको गैह्र बैंङ्किङ्ग सम्पत्तिको मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत गरी पाउनको लागि अनुरोध गर्दछु /गर्दछौं ।

मूल्याङ्कन कार्यमा संलग्न रहने ईन्जिनियरहरुको नामावली :

| क्र.स. | नाम | योग्यता (समूह समेत) | ई. परिषद दर्ता नं./मिति (समूह भए सो समेत) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

निवेदक,

............................
.......................... कन्सल्टेन्सी फर्म/कम्पनीको
तर्फबाट अधिकार प्राप्त ............
नाम, थर :
पदः
फर्म/कम्पनीको छापः
सम्पर्क नं.